हरिपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

हरिपुर , सर्लाही

आन्तरिक आयको ठेक्का बन्दोवस्त सम्बन्धी

नदिजन्य पद्धार्थको बिक्रीको लागी बोलपत्र आव्हान सम्बन्धी सूचना०७३

<u>प्रथम पटक प्रकाशित मिति २०८३।०६।३० गते</u>

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (घ) को (६) र दफा ६४ (च) बमोजिम हरिपुर नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने ढुंगा, गिट्टी, बालुवा, रोडा -दहत्तर बहत्तर समेतको) लगाएतका नदिजन्य सामाग्रीहरुको विक्रीबाट कर/शुल्क/दस्तुर संकलन गर्न चालु आ.व. २०८३।०८४ को जेष्ठ मसान्तसम्मको लागि आन्तरिक आय ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले तपशिलमा उल्लेखित ठेक्का विवरण र शर्तहरुको अधिनमा रही इच्छुक योग्य फर्म वा कम्पनीहरुले कार्यालयबाट बोलपत्र फाराम खरिद गरी फर्म वा कम्पनी दर्ता तथा नविकरण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, मूल्य अभिवृद्धि कर (VAT) दर्ता को प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, आ.व. २०८२।०८३ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि वा म्याद थपको प्रमाणित प्रतिलिपि सहित सो फर्म वा कम्पनी कार्य गर्न योग्य भएको र कालो सूची -Black List) मा नपरेको स्वघोषणा (Declaration) पत्र सहित तोकिएको दस्तुर रकम नगदै वा यस कार्यालयको NIC Asia Bank Ltd. Haripur Branch मारहेको आन्तरिक राजश्व खाता <u>नं. 0452050025949010</u> मा जम्मा गरेको बैंक भौचर (पछि फिर्ता नहुने गरी) पेश गरी तपशिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागियो सूचना प्रकाशित गरिएको छ ।

<u>तपशिल</u>

क्र.सं	ठेक्का नम्बर र आर्थिक बर्ष	बोलपत्रको नाम	ठेक्काको कार्य क्षेत्रको विवरण	उत्खनन् हुने अधिकतम परिमाण (घन मिटरमा)	न्यूनतम कबोल अंक (VAT सहित)	बोलपत्र फाराम दस्तुर	धरौटी रकम
१.	६।२०८३।०८४	लखनदेही खोलाबाट नदिजन्य पद्धार्थको उत्खन्न, संकलन तथा विक्री वितरण	लखनदेही खोलाको वडा नं. ८ को नहरको पुल देखि वडा नं. ९ को पिडारी सम्म	१२९०० घन मिटर	२३,३२,३२०।००	३०००।००	कबोल अंकको ५ प्रतिशतले हुन आउने रकम
२.	७।२०८३।०८४	भिम खोलाबाट नदिजन्य पद्धार्थको उत्खन्न, संकलन तथा विक्री वितरण	भीम खोलाको उत्तर ABF इट्टा उद्योगको दक्षिण खोलाको पुर्वी डिलको बाँसघारी असनमा देखि दक्षिण मजुर्वा जाने बाटो सिमाना सम्म	३२५० घन मिटर	५,,८७,६०००।०	१०००।००	कबोल अंकको ५ प्रतिशतले हुन आउने रकम

<u>शर्तहरु :</u>

१ इच्छुक बोलपत्रदाताहरुले रु.३००० (ठेक्का नं. ६।२०८३।०८४) को लागी र रु.१००० (ठेक्का नं. ७।२०८३।०८४) को लागी फाराम दस्तुर बुझाइ सूचना प्रकाशित भएको मितिले २१ औं दिन (२०८३।०७।१९) कार्यालय समयभित्र यस हरिपुर नगरपालिकाको कार्यालय वा जिल्ला प्रशासन कार्यालयमा समेत बुझाँउन सकिनेछ ।बोलपत्र फाराम यस नगरपालिकाको website www.haripurmun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

२. बोलपत्र फाराम दर्ता गर्ने अन्तिम मिति २०८३।०७।२० गते दिनको १२ बजे भित्र दर्ता भएका बोलपत्र फाराम सोहि दिनको २ बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा यस कार्यालयमा खोलिनेछ ।बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगतै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।

३.. बोलपत्रदाताले बोलपत्र दर्ता गर्दा आफुले कबोल गरेको रकम अर्कको ५% ले हुन आउने रकम NIC Asia Bank Ltd. Haripur Branch मा रहेको यस कार्यालयको धरौटी खाता नं. 0452050025949008 खातामा जम्मा गरेको सक्कलै बैक भौचर वा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त वाणिज्य बैकबाट जारी भएको कम्तीमा १२० दिन म्याद भएको बैक ग्यारेन्टी (विडवण्ड) बोलपत्रस साथ पेश गर्नुपर्नेछ ।

४. ठेक्का सम्बन्धी अन्य शर्त तथा जानकारीको लागी कार्यालयमा सर्म्पक गर्नु होला ।

नि.प्रमुख प्रशासकीय अधिकृत

विनय पौडेल

प्रशासकीय अधिकृत (७ठौं)